# राष्ट्रिय परिचयपत्र बनाउन आवश्यक कागजातहरु

१) **नेपाली नागरिकताको सक्कल ।**

**निम्न अवस्थामा नागरिकताको प्रतिलिपि बनाउनु पर्नेछ ।**

- नागरिकता हराएको / च्यातिएको अवस्थामा ।
- नागरिकताको विवरण प्रष्ट बुझिने नभएमा ।
- नागरिकतामा फोटो प्रष्ट बुझिने नभएमा ।
- नागरिकतामा टास भएको होलोग्राम स्टिकर उक्किएर हराएको भएमा (२०५८ पछिको नागरिकतामा अनिवार्य स्टिकर हुनुपर्ने) ।
- नागरिकतामा कुनै प्रकारको केरमेट गरिएको पाइएमा (केरमेट भएको ठाउँमा अनिवार्य आधिकारिक हस्ताक्षर हुनुपर्ने) ।
- नागरिकता जारी मिति / जन्म मिति प्रष्ट नभएमा ।
  - नेपाली पात्रोमा नभएको मिति प्रष्ट नभएमा ।
  - राहदानी बनाएकोले राहदानीको अंग्रेजी मिति मिले नमिलेको अनिवार्य जाच्नुहोला ।

२) **विवाहित नागरिकको हकमा विवाह दर्ताको सक्कल (२०४६ पछिकाले अनिवार्य विवाह दर्ता नै पेस गर्ने)**

**नोटः (२०४६ अघिको विवाह भए)**

- श्रीमतीको नागरिकतामा श्रीमानको नाम उल्लेख भए श्रीमतीको नागरिकताको सक्कल वा,
- छोरा/छोरीको जन्मदर्ता भए त्यसको सक्कल वा,
- बसाईसराइ प्रमाणपत्र भए त्यसमा श्रीमान श्रीमती दुबैको नाम उल्लेख भए बसाईसराइ प्रमाणपत्रको सक्कल वा,
- छोरा/छोरीको नागरिकतामा बुबा आमा दुबैको नाम उल्लेख भएमा त्यो नागरिकताको सक्कल वा,
- वडाबाट श्रीमान श्रीमती भनी नाता प्रमाणित गरेको भए सो सिफारिसको सक्कल ।

३) **अन्य स्थानबाट बसाई सराई गरि आएको हकमा बसाईसराइ प्रमाणपत्रको सक्कल (२०४० पछि बसाईसराइ गरेकाले बसाईसराइ प्रमाणपत्रको सक्कल अनिवार्य त्यस अघिका ले बसाईसराइको सिफारिस पेस गर्ने)**

४) **श्रीमतीको मृत्यु भईसकेको पुरुषको हकमा श्रीमतीको मृत्यु दर्ताको सक्कल प्रमाण ।**

५) **श्रीमानक मृत्यु भइसकेको महिलाको हकमा**

- श्रीमानको मृत्युदर्ताको सक्कल वा विधवा भत्ता कार्डको सक्कल प्रमाण ।

६) **सम्बन्ध बिच्छेद भईसकेको व्यक्तिको हकमा सम्बन्ध बिच्छेदको कागजातको सक्कल प्रमाण ।**

# राष्ट्रिय परिचय पत्र बनाउन फोटो खिच्दा ध्यान पुर्याउनु पर्ने कुराहरु

## पुरुषको हकमा

- कानमा मुन्द्रा / टप लगाएको भए खोल्ने ।
- चश्मा निकाल्ने ।
- कपाल कालो बाहेक अन्य रंगको भए नेपाली ढाका टोपी लगाउने (अन्य कुनै टोपी लगाउन नपाउने) ।
- मफ्लर, गम्छा लगाएको भए हटाउने ।

## महिलाको हकमा

- चश्मा निकाल्ने ।
- कपाल कालो हुनुपर्ने ।
- अनुहारमा आवश्यकता भन्दा बढी मेकअप भए मुख धुन लगाउने ।
    - टिका हटाउने ।
    - गाजल पुछ्ने ।
    - लिपस्टिक पुछ्ने ।
    - कानको झुम्का हटाउने ।
    - नाकको फुली ठुलो भएमा हटाउने ।
    - धैरै मालाहरु लगाएको भए हटाउने (एक पातलो पोते राख्न सकिने) ।